# उच्च अदालत पाटन

## प्रेस विज्ञप्ति

मितिः २०७७/०४/२३

कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण सम्मानित सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६/१२/०७ एवं बन्दाबन्दीको आदेश जारी भएपछि यस अदालतको विभिन्न मितिमा भएको निर्णय बमोजिम काम कारवाही र सेवा प्रवाह हुँदै आएको व्यहोरा सबैमा विदितै छ।

नेपाल सरकार (मन्त्रिपरिषद) को निर्णयबाट बन्दाबन्दी अन्त्य भएको र जिल्लाभित्र सार्वजनिक यातायातसमेत सञ्चालनमा आएको सन्दर्भमा सर्वोच्च अदालतको वृहत पूर्ण इजलासको मिति २०७७/०२/१५ को आदेश र सुविधामा प्रतिकूल असर नपर्ने गरी उपत्यकाभित्रका सेवाग्राहीहरु मिति २०७७/०४/०८ देखि बाटोको म्याद बाहेक ३० दिनभित्र उपस्थित हुन तथा एक जिल्लाबाट अर्को जिल्लामा र आन्तरिक तथा अन्तराष्ट्रिय हवाई उडान २०७७ साल भदौ १ गतेदेखि सञ्चालन हुने सन्दर्भमा अन्य जिल्लामा रहेका उपस्थित हुनुपर्ने अवस्थाका सेवाग्राहीहरु मिति २०७७/०५/०१ देखि बाटोको म्याद बाहेक ३० (तीस) दिनभित्र हदम्याद, म्याद र तारिखमा अदालतमा उपस्थित हुन यस अदालतबाट मिति २०७७/०४/०८ मा जारी भएको सूचना समेत सबैमा जानकारी नै छ।

यस अदालतको विभिन्न मितिको निर्णयानुसार काम कारवाही र सेवा प्रवाह हुँदै आएकोमा हाल उपत्यकाभित्र र बाहिर समेत संक्रमणको अवस्था बढिरहेको र विभिन्न जिल्ला तथा स्थानीय तहमा निषेधाज्ञा तथा बन्दाबन्दी जारी भएको हुँदा मिति २०७७/०२/२३ र २०७७/०२/३२ मा प्रकाशित विज्ञप्ति समेतलाई मध्यनजर गरी यस अदालतबाट प्रवाह हुने सेवामा समेत सोही अनुरुप व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ। सो सन्दर्भमा आज यस अदालतका माननीय न्यायाधीशज्यूहरु, कर्मचारीहरु, उच्च तथा विशेष सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ता एवं उच्च अदालत बार एशोसिएशनका अध्यक्ष तथा उपाध्यक्ष लगायतका सरोकारवालासँग छलफल गरियो।

उल्लिखित परिप्रेक्ष्यमा छलफलबाट प्राप्त सुझाव समेतलाई मध्यनजर राखी यस अदालतबाट हाल सम्पादन हुँदै आएका काम कारवाही र सेवा प्रवाह सीमित गरी संक्रमणको जोखिम न्यूनीकरण र निर्धारित स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना हुनसक्ने गरी अदालतका काम कारवाही र सेवा प्रवाह गर्नुपर्ने देखिएकोले हाललाई अत्यावश्यकीय काम कारवाही र सेवा देहाय अनुसार सञ्चालन गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

देहायः

१. बन्दीप्रत्यक्षीकरणको निवेदन दर्ता र सुनुवाई गर्ने र सबै प्रकारका रिट निवेदन (निषेधाज्ञा समेत) दर्ता गरी अन्तरिम आदेशको छलफल गर्ने।

२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ अन्तर्गतका निवेदन दर्ता गर्ने र थुनुवा भएका प्रतिवेदनसम्मको सुनुवाई गर्ने।

३. बैकिङ्ग कसूर र राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोग पत्र दर्ता गरी बयान र थुनछेक आदेश गर्ने र ति मुद्दामा जरुरी पक्राउ पूर्जीको समर्थन, पक्राउ अनुमति र म्याद थपको कार्य गर्ने।

४. वाणिज्य इजलासबाट सुनुवाई हुने उजुरी पत्र दर्ता, सो उपरको प्रारम्भिक सुनुवाई र अन्तरकालीन आदेश उपरको छलफल गर्ने।

५. थुनामा रहेका व्यक्ति पुनरावेदक वा विपक्षी भएका सामान्य फौजदारी, बैकिङ्ग कसूर र राजश्व चुहावट समेतका मुद्दा सुनुवाई गर्ने।

६. कानूनी प्रक्रिया पूरा गरी मुद्दाका पक्ष वा निजको प्रतिनिधि उपस्थित भएमा सबै प्रकारका पुनरावेदन (देवानी र फौजदारी) दर्ता गर्ने।

७. न्याय सम्पादनको प्रक्रियामा अधिक समय नलाग्ने मिलापत्र, मुद्दा फिर्ता र तामेली लगायतका काम कारवाही गर्ने।

८. मुद्दाका पक्ष वा कानून व्यवसायी तारेख लिन, नक्कल लिन उपस्थित भएमा प्रक्रिया पूरा गरी नक्कल उपलब्ध गराउने।

शम्भुप्रसाद रेग्मी
उप-रजिष्ट्रार/प्रवक्ता